# स्थानीय राजपत्र

## बेसीशहर नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ५, संख्या ७, माघ १३ गते, २०७९ साल**


**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगर कार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

# भाग १

## स्थानीय बजार व्यवस्थापन ऐन, २०७९

प्रस्तावना :

नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकारलाई प्रयोग गरी स्थानीय बजारलाई व्यवस्थित गर्दै नगरबासी जनताका दैनिक उपभोग्य वस्तुहरु, घरायसी प्रयोगका वस्तुहरु सर्वसुलभ ढङगले बिक्री वितरण र खरिद गर्न सकून-बजारलाई सफा, सुग्घर, सुन्दर राख्ने काम सहज बनाउन, बजारमा गुणस्तरीय मालसामानको आपूर्ति प्रणालीलाई व्यवस्थित गरी मानव हितका लागि उपयोगी बनाउन, तिनको गुणस्तरको मापन गरी गुणस्तर नियन्त्रण गर्नु पर्ने आवश्यकता भएकाले नेपालको संबिधान धारा २२६ को कानून बनाउन पाउने अधिकार र व्यवस्थापकीय अधिकार २२१ तथा  स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (१) को अधिकार प्रयोग गरी नगरपालिकाद्वारा स्थानीय बजार व्यवस्थापन ऐन २०७४ बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भ  यस एनको नाम **"स्थानीय बजार व्यवस्थापन ऐन, २०७९"** हुनेछ ।

२) यो ऐन नगर कार्यपालिकाको नगर सभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

३) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

क) **"तोकिएको ठाउँ"** भन्नाले नगर कार्यपालिकाले व्यापार व्यवशाय प्रसङ्गले उद्योग सचालन गर्नको लागि निर्धारण गरेको स्थानलाई जनाउनेछ ।

ख) **"तोकिएको विवरण"** भन्नाले नगर कार्यपालिकाले पसल स्थापना गर्दा बिक्री गर्न अनुमति प्रदान गरेको विषयलाई जनाउनेछ ।

ग) **"अनुगमन समिति"** भन्नाले यसै ऐनको नियम ११ (१) बमोजिम गठन भएको बजार अनुगमन गर्ने समितिलाई सम्झनु पर्दछ ।

घ) **"नामसारी"** भन्नाले विधिवत रुपमा एउटा व्यक्ति र कम्पनी र फर्मका नाममा दर्ता भएकोमा अर्को व्यक्तिका नाममा हक हस्तान्तरण भई जाने प्रकृयालाई जनाउनेछ ।

ङ) **"प्रतिवन्धित"** भन्नाले कानूनले मान्यता नदिएको स्थान खाद्य पदार्थ र औषधी विषाधीलाई सम्झनु पर्नेछ ।

(च) **"कालो बजारी"** भन्नाले खाद्यान्न र घरायसी प्रयोग औषधी जन्य वस्तुहरु कृत्रिम अभाव खडागरी कानूनले तोकेको नाका भन्दा बढी मूल्य लिई विक्री गरिने कार्यलाई सम्झनु पर्दछ ।

(छ) **"व्यवसाय"** भन्नाले व्यक्तिगत, सामुहिक तथा साझेदारीको रुपमा कम्पनी, फर्म वा संस्था दर्ता गरी सो मार्फत यो ऐन तथा अन्य प्रचलित कानून बमोजिम गरिने सबै प्रकारका उत्पादन मुलक उद्योग, माल सामान खरिद विक्रि गर्ने, थोक तथा खुद्रा पसलहरु सेवा मुलक तथा स्वास्थ्य मुलक क्लिनिक, औषधी पसलहरु तथा अस्पतालहरु, फलफुल तरकारी तथा मासुजन्य उत्पादन तथा विक्री वितरण गर्ने कार्यलाई व्यवसाय भनिन्छ ।

## परिच्छेद-२

## दर्ता नामसारी दर्ता खारेजी तथा स्थान निर्धारण

**४) दर्ता सम्बन्धी प्रकृयाः-** (१) नगर कार्यपालिका भित्र कुनै पनि प्रकारका उद्योग, स्वास्थ्य क्लिनिक अस्पताल व्यापार व्यवसायहरु तथा सेवा प्रदायक व्यवसायहरु नगरपालिकाको स्वीकृति र दर्ता बिना सञ्चालन गर्न पाइनेछैन ।

(२) उद्योग, धन्दा, पसल स्वास्थ्य किलनिक वा अन्य व्यवसाय गर्ने व्यक्ति, फर्म, कम्पनीले दर्ताको तोकिएको ढाँचाको आवेदन फारम भरी पेश गर्नुपर्ने छ ।

३) यसरी पेश भएको फाराम उपर सम्बन्धित अधिकारीले छानविन गरी दर्ता गर्न मिल्ने भए दर्ता गरी दर्ताको प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ, तर दर्ता पूर्व

स्थानीय उद्योग वाणिज्य संघको सिफारीस अनिवार्य हुनेछ । साथै नामसारी कारोबार परिवर्तन ठेगाना परिवर्तन गर्नुपरेमा उद्योग बाणिज्य सघको सिफारिस अनिवार्य हुनेछ ।

(४) दर्ता गर्न नमिल्ने भएमा कारण सहित जानकारी गराउनु पर्नेछ ।

**(५) तोकिएको ठाउँ र तोकिएको विवरण बाहेकमा व्यवसाय संचालन र बिक्री वितरण गर्न बन्देज:** सामान्यतया सामानको अवस्था, त्यसले पार्ने वातावरणीय प्रभाव, ट्राफिक व्यवस्था, फोहोर मैला उत्पादन, मानव स्वास्थ्यलाई प्रतिकूल असर पर्ने जस्ता विषयलाई मध्य नजर गरी खास प्रकारका उपभोग्य तथा व्यवसायिक सामान जस्ता राखेर बिक्री वितरण गर्न पाइने भन्ने विषय तोकिए बमोजिम हुनेछ ।

**६) दर्ता नवीकरण:** नगर कार्यपालिकाबाट दर्ता गरिएका उद्योग व्यवसाय तोकिए बमोजिमको शुल्क लिईदर्ता र नवीकरण गर्नु पर्नेछ । तर विदेशी नागरिकको हकमा व्यवसाय संचालन अनुमति दिँदा दर्ता र नवीकरण शुल्क फरक हुन सक्नेछ ।

**७) दर्ता खारेजी:-** (१) देहायको अवस्थामा कुनै पनि फर्म, कम्पनी, उद्योग, व्यवसाय, क्लिनिक , पसलको दर्ता खारेजी गरी सार्वजनिक सूचना मार्फत जानकारी गराइनेछ:-

(क) लगातार ३ (तीन) वर्ष सम्म नवीकरण नगरेमा ,

(ख) दर्ता गरिए अनुसार काम नगरेमा ,

(ग) पटक पटक सचेत गराउँदा पनि म्याद नाघेका माल वस्तु बिक्री वितरण गरेको पाइएमा ,

(घ) दर्ता गरेको १(एक) वर्ष भित्रमा पनि व्यवसाय र उद्योग सञ्चालन नगरेमा ,

(ङ) तोकिएको स्थान भन्दा अन्य ठाँउमा पसल राखी सञ्चालन गरेमा ,

(२) दर्ता खारेजी गर्नु अघि सुनुवाईको मौका प्रदान गरिनेछ ।

**८) नामसारी:-** कुनै पनि पसल व्यवसाय, उद्योग, बिक्री गरी वा सो सञ्चालक वा प्रोपाइटरको निधन भई नामसारी गर्नु पर्ने भए तोकिएको ढाँचामा फारम भरी नामसारीको आवेदन गर्नु पर्नेछ । यसरी आएको आवेदन उपर छानविन र अध्ययन गरी अधिकार प्राप्त अधिकारीले नामसारी गरी दिनुपर्नेछ । तर नियमित नवीकरण

नगरिएको र तोकिएको ठाँउमा व्यवसाय सञ्चालन नगरेको फर्म पसल क्लिनिक कम्पनी र उद्योग व्यवसायलाई नामसारी गरिने छैन ।

**९) उद्योग, पसल, फर्म, स्वास्थ्य क्लिनीक वाव्यवसायको लागि स्थान निर्धारण :-** (१) सामान्यतया नगर कार्यपालिकाले पसल, उद्योग, व्यवसाय, क्लिनीक अस्पताल सञ्चालनका लागि स्थान निर्धारण गरिनेछ । स्थान निर्धारण गर्दा सम्भव भए सम्म एकै प्रकारका फर्म पसल क्लिनिक कम्पनी र उद्योग व्यवसाय लाई एकै ठाँउमा सञ्चालन गर्न अनुमति दिइने छ ।

(२) स्थान निर्धारण प्रकृया स्देहाय बमोजिम स्थान निर्धारण प्रकृया हुनेछः-

(क) समिति गठन गरी त्यसको प्रतिवेदनको आधारमा स्थानको छनौट गरिने छ ।

(ख) स्थान निर्धारण गर्दा ध्यान दिनु पर्ने कुराहरु बिद्युत, पिउने पानी, शौचालय, फोहोरमैला व्यवस्थापन, सुरक्षा प्रबन्ध, बाटो घाटो अदि

**१०. उद्योग/फर्म/ पसल सञ्चालनमा प्रतिबन्ध :-** (१) निम्न स्थानमा निम्न अनुसारका पसल, उद्योग, फर्म, सञ्चालन गर्न अनुमति दिइने  छैन :-

क. मठ मनदिर, सार्वजनिक तथा धार्मिक स्थल आसपास ३०० मिटर भित्र धम्रपान, मद्यपान, मदिरा, गृल उद्योग, फर्निचर उद्योग, ठूलो आवाज आउने व्यवशायहरु ,माछा मासुपसलहरु राख्नपाइने छैन ।

ख. अस्पतालको ३०० मिटर आसपास मद्यपान, मदिरा, गृल उद्योग, फर्निचर उद्योग, ठुलो आवाज आउने व्यवशायहरु, माछा मासुपसलहरु राख्न पाइने छैन ।

ग. विद्यालयको २०० मिटर आसपास धुम्रपान, मद्यपान, मदिरा, गृल उद्योग, फर्निचर उद्योग, ठूलो आवाज आउने व्यवशायहरु, माछा मासु पसलहरु राख्न पाइने छैन ।

घ) खुल्ला रुपमा पशुपन्छी बधशाला राख्न पाइने छैन ।

(२) मन्दिर अस्पताल वा विद्यालय असपास अनुमति नलिई उल्लेखित कार्य गरे कारबाही हुनेछ ।

(३) बैंक, वितीय सस्था, ठूला सपिङ्ग महलहरुले  व्यवसाय संचालन गर्दा पार्किङ्गको अनिर्वाय व्यवस्था गरेको हुनुपर्दछ ।

# परिच्छेद-३

## अनुगमन समितिको गठन, काम, कर्तव्य र अधिकार

**११. अनुगमन समिति गठन सम्बन्धी व्यवस्था:** (१) बजारलाई नियमित अनुगमन गर्न नगर कार्यपालिकाले निम्न अनुसार को प्रतिनिधित्व हुने गरी समिति गठन गर्ने छ :-

| | |
|---|---|
| क) संयोजक :- नगरपालिकाले तोकेको नगर कार्यपालिका सदस्य | १ जना |
| ख) सदस्य :- नगर कार्यपालिकाले तोकेको नगर कार्यपालिका सदस्यहरु | २ जना |
| ग) सदस्य :- बेसीशहर उद्योग बाणिज्य संघ अध्यक्ष वा प्रतिनिधि | १ जना |
| घ) सदस्य :- इलाका प्रशासन कार्यालय प्रमुख वा प्रतिनिधि | १ जना |
| ङ) सदस्य :- सम्वन्धित विषय विज्ञ | १ जना |
| च) सदस्य :- प्रथम नागरिक समाज प्रतिनिधि | १ जना |
| छ) सदस्य :- पत्रकार मध्ये | १ जना |
| ज) सदस्य :- नेपाल सरकार नाप तौल तथा गुणस्तर मापन कार्यालयका प्रतिनिधि | १ जना |
| झ) सदस्य :- इलाका प्रहरी कार्यालय प्रमुख वा प्रतिनिधि | १ जना |
| ञ) सदस्य सचिव :- नगरपालिकाले तोकेको कर्मचारी | १ जना |
| | जम्मा ११ जना |

**१२) बजार अनुगमन समितिको कार्यकाल:-** अनुगमन समितिको कार्यकाल २ वर्षको हुनेछ । न.पा.ले उचित ठानेमा सोही समितिलाई अर्को एक कार्यकाल थप गर्न सक्नेछ । तर समितिको संयोजक २ कार्यकाल भन्दा बढी दोहोरिने छैन ।

**१३. बजार अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-** १) बजारको समग्र पक्षहरु व्यापार, पसल, व्यवसाय, उद्योग, धन्दा, कल कारखानाको नियमित अनुगमन गर्ने ,

२) अनुगमनमा देखिएका कमी कमजोरीहरुका हकमा सचेत मात्र गर्नु पर्ने भए तत्काल लिखित रुपमा सचेत गर्ने ,

३) दर्ता खारेजी, दण्ड जरिवाना गर्नु पर्ने भए जरिवानाको किसिम, बिगो रकम समेत खोली नगर प्रमुख मार्फत न.पा.मा सिफारिस गर्ने ,

४) कमी कमजोरी सच्याउन निर्देशन गर्ने ,

५) प्रत्येक पटकको अनुगमन प्रतिवेदन न.पा.मा पेश गर्ने ,

६) बजार थप व्यवस्थित गर्ने कार्य योजना वनाइ न.पा.मा पेश गर्ने ।

**१४. अनुगमन क्षेत्र र विषयः-** १) अनुगमन समितिले तपशिलका विषयमा अनुगमन गर्नुपर्नेछ :-

क) बजारमा बेचबिखन गरिने उपभोग्य तथा व्यवसायिक सामान, खाद्य पदार्थको गुणस्तर,

ख) खाद्यान्न, पेय पदार्थ, औषधीहरुको उपयोग गर्ने समय सीमा ,

ग) प्रतिबन्धित औषधी, विषाधी बिक्री तथा प्रयोग,

घ) निर्धारित मूल्य सूची,

ङ) प्रतिबन्धित ठाँउमा राखिएका र खोलिएका पसलहरु,

च) फुटपाथमा बिक्री गरिने खाद्य पदार्थको गुणस्तर,

छ) नगर कार्यपालिकाद्धारा अनुमति प्रदान गरेका उत्पादित पेय तथा खाद्य पदार्थको गुणस्तर,

ज) उपभोग्य तथा व्यवसायिक सामानको अभाव, कालो बजारी आदि ।

झ) खाद्य पदार्थको उपयोग समय सीमा

ञ) प्रत्येक उत्पादित सामानमा प्रत्येक समयको उपभोग्य मिति प्रष्ट सग उल्लेख गरिएको हुनुपर्नेछ .

**१५. अनुगमन प्रकृयाः-** १) सामान्यतया अनुगमनका लागि निम्न तरिका अवलम्बन गरिनेछ ।

क. खुल्ला अनुगमन :- सार्वजनिक जानकारी गरी वा विना जानकारी प्रत्येक,

ख. गोप्य अनुगमन :-जुनसुकै बखत,

ग. आवश्यकता अनुसार आकस्मिक रुपमा पनि अनुगमन गरिन्छ ।

**१६. गोपनियताः-** अनुगमन गर्दा प्राप्त भएका कमी कम्जोरीहरु व्यक्ति, पसल फर्म , कम्पनी, उद्योग व्यवसायको नाम नतोकी सर्वसाधारणको जानकारीको लागि कुनै पनि सचार माध्यमबाट सार्वजनिक गर्न सकिनेछ । तर नगर कार्यपालिकाद्धारा कारवाही गरिएका, दर्ता खारेज गरिएका, जरिवाना गरिएकाहरुको हकमा भने सचार माध्यम गर्नमार्फत सार्वजनिक सकिनेछ ।

**१७) अनाधिकृत रुपमा सूचना चुहावट गर्न नहुनेः-** बाहिर सार्वजनिक रुपमा सूचना दिने भनिएका विषय बाहेक अरु कुनै पनि सूचना चुहावट गर्न पाइने छैन, कसै प्रतिपूर्वाग्रही लिने, अनुचित लाभ लिने गरी सूचना चुहावट गरे त्यस्ता व्यक्तिलाई यसै नियमावली अनुरुप कारवाही हुनेछ ।

**१८) अनुगमनको मुचुल्का तथा अभिलेखः-** १) अनुगमन गर्दा देखिएका कमि कमजोरीहरुको अभिलेख (सूची) बनाउनु पर्छ। म्याद नाघेका माल सामान खाद्यय पदार्थ तथा औषधीहरु ,मिसावट खाद्यपदार्थहरु, प्रतिबन्धित औषधी, गुणस्तरहीन खाद्य पदार्थहरुको अलग अलग मुचुल्का बनाउनु पर्छ। मुचुल्काको साथमा छाँया चित्र लिनु पर्नेछ । अनुगमनका लागि तोकिएको फाराम अनुसूची १ बमोजिम हुनेछ

२) उल्लेखित कार्य नगरेको भनी व्यवसायीले जिकिर लिएमा जाँच वा प्रमाणका लागि चाहिने अवश्यक मात्रा राखी त्यसको छुट्टै मुचुल्का खडा गरी जाँच गनुपर्ने भएमा सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

३) निर्विवाद रुपमा नष्ट गनु पर्ने देखिएका दफा १८ क बमोजिमका वस्तुहरु प्रहरी तथा सम्भव भए सम्म वाणिज्य संघका प्रतिनिधि र भद्र भलाद्मी राखी नष्ट गर्नु पर्नेछ । तर विवादीत वस्तुहरु जाँच भई नआए सम्म नष्ट गर्न पाईने छैन ।

(४) अनुगमनका लागि मुचुल्काको ढाँचा अनुसूची २ बमोजिम हुनेछ।

**१९ .अनुगमनको स्टिकर :-** (१) प्रत्येक पसल उद्योग फर्म कम्पनीमा निम्न अनुसारको स्टिकर अनुगमन पश्चात सबैले देख्ने स्थानमा टाँस गरिनेछ

क. हरियो स्टिकर (गोलो भित्र “धन्यवाद”):- कुनै खरावी र कमजोरी नपाइएमा ,

ख. रातो स्टिकर (गोलो भित्र “सचेत रहनु होला“ ) :- त्रुटी सच्याउनु पर्ने देखिएमा,

ग. कालो स्टिकर (गोलो भित्र “आइन्दा गल्ती नगर्नु होला“) :- सजाय गर्नु पर्ने हकमा ,

घ ) पहेलो स्टिकर (गोलो भित्र दर्ता प्रकृयामा सामेल हुनुहोला) दर्ता नगरी सचालन गरिएका उद्योग व्यवसायहरुको हकमा

(२) कारबाही भई पुःन व्यवसाय संचालन गर्न अनुमति भएमा वा त्रुटी सच्याए पश्चात भने हरियो स्टिकर टाँसिने छ।

## परिच्छेद-४

## थोक तथा खुद्रा मूल्य सूची र मूल्य निर्धारण समिति सम्बन्धी व्यवस्था

**२०. थोक तथा खुद्रा मूल्य सूची सम्बन्धी व्यवस्था :-** १) बजारमा बिक्रीमा राखिएका फलफुल, तरकारी, गल्लाकिराना, कस्मेटिक सामानको अनिवार्य मूल्य सूची

सार्वजनिक गरेर मात्र बेचबिखन गर्न पाइनेछ । मूल्य सूची नराखी बेच बिखन गरेको पाइएमा यसै नियम अनुसार दण्ड जरिवाना हुनेछ ।

२) मूल्य सूची अवधीः देहायको पसलमा देहाय बमोजिमको मुल्य सूची राख्ने समयसीमा निर्धारण गरिएको छ :-

१. सागसब्जी तथा फलफुलको प्रत्येक ३/३ दिनमा,

२. गल्ला किराना पसल प्रत्येक ७/७ दिनमा

३. कस्मेटिक सामानमा वस्तुको मूल्य स्टिकरमा राखी बिक्री गर्नुपर्नेछ ।

४. एक दामको पसलमा एकलटमा खरिद भएका सामान बिक्री पश्चात पुन मूल्य निर्धारण गर्नुपर्नेछ ।

**२१. मूल्य सूची निर्धारण समितिः** (१) बिक्रीमा राखिएका माल सामानको बिक्रीका मूल्य निर्धारण गर्न देहाय बमोजिमको प्रतिनिधित्व हुने गरी मूल्य सूची निर्धारण समिति गठन गरिनेछः-

क) फलफुल तरकारीका लागि

संयोजक : तरकारी , फलफुलको थोक बिक्रेता मध्येबाट १जना

सदस्य : तरकारी, फलफुलको/खुद्रा बिक्रेता मध्येबाट १जना

सदस्य : बेसीशहर उद्योग बाणिज्य संघले तोकेको १जना

सदस्य : उपभोक्ता मध्येबाट १जना

सदस्य सचिव - नगर कार्यपालिकाले तोकेको कर्मचारी १जना

ख) गल्ला किरानाको लागि

संयोजक : थोक बिक्रेता मध्येबाट १ जना

सदस्य : खुद्रा बिक्रेता मध्येबाट १ जना

सदस्य : बेसीशहर उद्योग बाणिज्य संघले तोकेको १ जना

सदस्य : उपभोक्ता मध्येबाट १ जना

सदस्यि सचिव -नगर कार्यपालिकाले तोकेको कर्मचारी १ जना

ग. कस्मेटिक सामान र एक दामको सामानको लागि बिक्रेता स्वयमले बिल अनुसार मूल्य स्टिकर टाँस्नेछन ।

घ. खास खास बेलामा मात्र मूल्य निर्धारण गर्नुपर्ने पसल जस्तै माछा, मासु, अण्डा बिक्रीका लागि

१ खसीको मासुको लागि

संयोजक :- मासु बिक्रेता मध्ये १जना
सदस्य :- बेसीशहर उद्योग बाणिज्य संघले तोकेको व्यक्ति १ जना
सदस्य :- सम्बन्धित विषयको विज्ञ १जना सदस्य :
उपभोक्ता मध्येबाट १जना
सदस्य सचिव -नगर कार्यपालिकाले तोकेको कर्मचारी १ जना

२ माछाको लागि

संयोजक :- माछा बिक्रेता मध्ये १जना
सदस्य :-बेसीशहर उद्योग वाणिज्य संघले तोकेको व्यक्ति १ जना
सदस्य :- सम्बन्धित विषय विज्ञ १ जना
सदस्य : उपभोक्ता मध्येबाट १जना
सदस्य सचिव -नगर कार्यपालिकाले तोकेको कर्मचारी १ जना

३ .कुखुराको मासु तथा अण्डाको लागि

संयोजक :- कुखुराको तथा अण्डा बिक्रेता मध्ये १जना
सदस्य :- बेसीशहर उद्योग बाणिज्य संघले तोकेको व्यक्ति १ जना
सदस्य :- मासुव्यवसाय मध्ये १ जना
सदस्य : उपभोक्ता मध्येबाट १जना
सदस्य सचिव -नगर कार्यपालिकाले तोकेको कर्मचारी १ जना

४. सुगुर, बंगुर ,राँगा ,भैंसीको मासुको लागि

संयोजक :- सुगुर, बंगुर ,राँगा ,भैंसीको मासुबिक्रेता मध्ये १जना
सदस्य :- बेसीशहर उद्योग बाणिज्य संघले तोकेको व्यक्ति १ जना
सदस्य :- सम्बन्धित विषय विज्ञ १जना
सदस्य : उपभोक्ता मध्येबाट १जना
सदस्य सचिव -नगर कार्यपालिकाले तोकेको कर्मचारी १ जना

(२) उपरोक्त समितिले निर्धारण गरेको मूल्य सार्वजनिक रुपमा सबैले देख्ने गरी बोर्डमा लेख्नु पर्नेछ । त्यसको एक प्रति न.पा.मा पेश गर्नुपर्नेछ ।

**२२. मूल्य सूची निर्धारण समितिको काम कर्तव्य र अधिकार**:- (१) मूल्यसूची निर्धारण समितिको काम, कर्तव्य र अधिकार निम्न अनुसार रहेको छ :-

क) मुल्य सूची राखे नराखेको निरीक्षण गर्ने ,

ख) मूल्य सूची निर्धारण गर्ने ,

ग) मूल्य सूची नराखेको भए राख्न लगाई नियमित गर्ने,

घ) विक्रेता आफैंले मुल्य सूची टाँस्न पाउने कस्मेटिक र एक दरका सामानको विल अनुसार निश्चित नाफा राखी मूल्य सूचीको स्टिकर टाँसे नटाँसेको निरिक्षण गर्ने । साथै सोही बमोजिम स्टिकर टाँस्न लगाउने

ङ) स्टिकर नटाँसेमा सचेत गर्ने पुन सो कार्य दोहारेयामा कारवाहीका लागि न.पा.मा सिफारिस गर्ने ।

**२३) मुल्य सूची निर्धारण समितिको कार्यकाल :** (१) मूल्य सूची निर्धारण समितिको कार्यकाल २ वर्ष हुनेछ ।

(२) नपाले आवश्यक ठानेमा एक कार्यकाल थप गर्न सक्नेछ ।

## परिच्छेद-५

## दण्ड सजाय र पुनरावेदन

**२४. दण्ड सजायः** (१)कुनै पनि व्यापारी, कम्पनी, फर्म, क्लिनिक, अस्पताल उद्योग आदिलाई देहायको अवस्थामा देहाय बमोजिमको दण्ड सजाय हुनेछः-

| | |
|---|---|
| क. दर्ता अनुमति नलिई फर्म कम्पनी पसल वा अन्य व्यवसाय सञ्चालन गरेमा | रु.२,५००।- |
| ख. दर्ता अनुमति नलिई उद्योग सञ्चालन गरेमा | रु.१०,०००।- |
| ग. तोकिएको स्थानमा वा अनुमति लिएको स्थान भन्दा अलग स्थानमा व्यवसाय गरेमा | रु.१,५००।- |

घ. म्याद नाघेको उपभोग्य तथा व्यवसायिक सामान बिक्री गरेमा

१. पहिलो पटक सचेत पत्र

२. दोस्रो पटक भए रु.१,०००।- देखी रु.५,०००।- सम्म व्यवसायको प्रकृति हेरी जरिवाना

३. पुनः दोहोरिएमा दर्ता खारेजी ।(दर्ता खारेजीमा परेका व्यवसाय लाई पुनः सोहि प्रकारको व्यवसाय सञ्चालन अनुमति दिइने छैन)

ङ) गुणस्तरहीन खाद्य पदार्थ बिक्री गरेमा

१. पहिलो पटक सचेत पत्र

२. दोस्रो पटक भए रु.१,०००।- देखि रु.५,०००।-सम्म व्यवसायको प्रकृति हेरी जरिवाना

३. पुनः दोहोरिएमा दर्ता खारेजी । (दर्ता खारेजीमा परेका व्यवसायलाई पुन सोही प्रकारको व्यवसाय सञ्चालन अनुमति दिईनेछैन )

च. प्रतिबन्धित औषधी बिक्री गरेमाः

१. पहिलो पटक रु. ५,०००।-

२. दोस्रो पटक भए रु. २०,०००।-

३ तेस्रो पटक भए दर्ता खारेजी

छ) खाद्य पदार्थमा अखाद्य पदार्थ मिसाई विक्री गरेमा वा मानव स्वास्थ्यका हिसाबले मिसावट गर्न नहुने पदार्थ मिसावट गरी विक्री गरेमाः

१. पहिलो पटक सचेत गराउने

२. दोस्रो पटक भए मिसावटको अवस्था मानव सेवा स्वास्थ्यको प्रतिकूलता हेरी रु.१,०००।- देखि रु.५,०००।-सम्म व्यवसायको प्रकृति हेरी जरिवाना गर्ने

३. तेस्रो पटक भए रु १,०००० जरिवाना गर्ने

४. चौथो पटक भए पसल उद्योग व्यवसाय दर्ता खारेजी गर्ने

ज) अनुसूची ३ मा उल्लेख भए वमोजिम खाद्य पदार्थमा अखाद्य वस्तु मिसाई बेचविखन गरेमा :-

क. पहिलो पटक सचेत पत्र

ख. दोस्रो पटक भए रु.१,०००।- देखी रु.५,०००।-सम्म व्यवसायको प्रकृति हेरी जरिवाना

ग. तेस्रो पटक दर्ता खारेजी

झ) बध गरी बिक्री गर्न निषेध :- गाई, गोरु, कुकुर, बिराला र संघीय कानूनले निषेध गरेका र संरक्षणको सूचीमा राखिएका पशुपन्छी, जलचरहरु : प्रचलित कानून बमोजिम कारबाही चलाउन प्रहरीलाई लेखी पठाउने ।

ञ) मूल्य सूची नराखेमाः

| | |
|---|---|
| १ पहिलो पटक जरिवाना | रु १०००। |
| २ दोस्रो पटक जरीवाना | रु २०००। |
| ३ तेस्रो पटक जरीवाना | रु ३०००। |

४. तीन पटक जरीवाना गर्दा समेत अटेर गरेमा दर्ता खारेजी सम्बन्धी प्रकृयामा हाली नपामा सिफारिस गर्ने

ट) सजाय गर्नु अघि माथि दफा १८ बमोजिम अनुगमन समितिले खडा गरेको मुचुल्कामा उल्लेखित वस्तुहरुको जाँच वा प्रमाण राखिएकोमा जाँच भई आएको कागज प्रमाण र वस्तुलाई समेत आधार बनाउनुपर्नेछ ।

ठ) जरीवाना गर्नु अगाडी सचेत गर्ने । सचेत गर्दा पनि अटेर गरे माथि उल्लेख भए बमोजिम मूल्य निर्धारण समितिले जरीवाना गर्नु अगाडी स्पष्टीकरण सोधी सफाईको मौका दिइनेछ ।

ड) दर्ता खारेज गर्नुपर्ने देखिएमा एक पटकको लागि न.पा ले नियम २४(१) ख बमोजिम जरिवाना गरी व्यवसाय संचालन गर्न अनुमति दिइनेछ । तर पून सो कार्य दोहोरिएमा दर्ता खारेजी गरी पुन सोही प्रकारको व्यवसाय गर्न अनुमति दिईनेछैन । जरीवाना वा दर्ता खारेज गर्नुपर्दा न.पा.ले सफाइको मौका दिनुपर्नेछ ।

**२५. अनुगमन समितिलाई कारवाही:** १) देहायको अवस्थामा अनुगमन समितिलाई कारवाही हुनेछ :-

क. अनुचित लाभका लागि कसैसँग नगद जिन्सी लिएको पाइएमा,

ख. प्रतिबन्धित सूचना चुहावट गरेमा ,

ग. अधिकार क्षेत्रको भन्दा बाहिरको काम गरेमा ,

घ. दुःख दिने र बदलाको भावनाले काम गरेमा ,

२) कारबाही गर्नु अघि सफाईको मौका दिईनेछ ।

**२६. सजायका प्रकार र सजाय गर्ने निकाय :** (१) सचेत गराउने नियम २४(१) झ बमोजिम अनुगमन समितिले

(२) दण्ड जरिवाना र दर्ता खारेजी नगर कार्यपालिकाले

**२७ कारवाही प्रकृया:** (१) अनुगमन समितिले लिखित रुपमा सचेत गराउने वा स्टिकर टाँस्ने कार्य गर्न सक्नेछ । सो कार्य गर्दा स्पष्टिकरण सोधिरहनु पर्नेछैन । तर सचेत गराउँदा पनि अटेर गरेमा लिखित स्पष्टिकरण सोधी थप कारबाहीको लागि नपामा सिफारिस गर्नुपर्नेछ ।

२) दण्ड जरिवाना वा दर्ता खारेजी सम्बन्धी सजाय भने नगरपालिकाले मात्र गर्न पाउनेछ । तर सजाय गर्नुभन्दा अगाडी सुनुवाईको मौका प्रदान गर्नुपर्नेछ । सजाय गर्दा अनुगमन समितिका प्रतिवेदन र रायलाई समेत अधार बनाएर मात्र नपाले सजाय गर्नुपर्नेछ ।

३) नियम २४(१)झ को हकमा सोही बमोजिम हुनेछ ।

**२८ पुनरावेदन सम्बन्धी व्यवस्था:** (१) अनुगमन समितिले सचेत गर्ने गरी टाँसेको स्टिकर दिएको सचेत पत्र वा नियम २४ (१) झ बमोजिम गरिएको जरिवाना निर्णय उपर नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

(२) नगरपालिकाले गरेको निर्णय उपर नगरसभाद्धारा गठित ३ सदस्यीय पुनरावेदन समिति समक्ष ३५ दिन भित्र पुनरावेदन गर्न पाउने छ । पुनरावेदन समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

**२९. नक्कल दिनु पर्ने:** कारबाही सम्बन्धी निर्णय मिसिल सरोकारवालाले माग गरेमा प्रति पाना रु २०।- वीस का दरले दस्तुर लिई नक्कल दिनु पर्नेछ ।

## परिच्छेद-६

## विविध

**३०. बैंङक तथा वित्तीय सस्थाहरुले प्रत्येक आर्थिक वर्षको समय समाप्ती सँगै कर चुक्ताको प्रमाणपत्र लिने गरेकोमा अब उप्रन्त बेसीशहर नपा र बेसीशहर उद्योग बाणिज्यमा सो को प्रतिलिपि पेश गर्नुपर्नेछ ।**

**३१) खारेजी र बचाउः** (१) यो नियम लागू हुनु भन्दा अगाडी व्यापार व्यवसाय संचालनमा रहेका व्यवसायहरु यहि ऐन अनुसार भए गरेको मानिनेछ ।

२) सो बमोजिम भए गरेका काम कारबाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

**३२. नियम निर्देशिका बनाउन सक्ने:** यस ऐनको अधीनमा रही नगरपालिकाले ऐन, नियम, निर्देशिका बनाउन सक्नेछ ।

परिच्छेद-४ को नियम ११ को उपनियम-८ सँग सम्बन्धित अनुगमनका लागि तोकिएको फाराम

# अनुसूची १

## बेसीशहर नगर कार्यपालिका बजार व्यवस्था

| | | |
|---|---|---|
| व्यवसायको नाम :- | | |
| ठेगाना :- | | बिक्रेता :- |
| किसिम :- | | |
| अनुगमनको मिति र समय :- पहिलो / दोस्रो/ तेस्रो | | |
| अनुगमनमा प्राप्त त्रुटी<br>•<br>• | | |
| अनुगमन पछिको सुझाव | | |
| प्रदान गरिएको स्टिकर :-<br>अनुगमनको प्रकार :- आकस्मिक र नियमित | | |

यो अनुगमन मेरो उपस्थितिमा भएको हो, उपरोक्त विवरणको अनुगमन कसैको दवाव र प्रलोभनमा नपरी स्वतन्त्र दस्तखत पूर्वक गरिएको हो

| | |
|---|---|
| नाम थर | दस्तखत |
| प्रोपाइटर र बिक्रेता | नाम थर :- |
| ठेगाना :- | ठेगाना :- |
| बजार अनुगमन समिति | |
| मिति | मिति |

## अनुसूची २

### परिच्छेद ४ को दफा ११ को उप दफा ९ संग सम्बन्धित

### अनुगमन मुचुल्का

मेची अञ्चल लमजुङ जिल्ला बेसीशहर नगर कार्यपालिका वडा नं.........बस्ने श्री.......................... को नाति श्री..............................को छोरा/ छोरी/ पत्नी वर्ष...............का श्री .............................................
को फर्म/पसल/उद्योग/ व्यवसायको बेसीशहर नगर कार्यपालिकाद्वारा गठित बजार अनुगमन समितिले मिति ................ गतेका दिन अनुगमन गर्दा तपशिल अनुसारको कैफियत देखिन आएकोले यो मुचुल्का उठाइएको छ । देखिएका कैफियतहरु यथा समयमा सुधार गर्ने निर्देशन गरिन्छ । यो मुचुल्का मेरो उपस्थितिमा उठाइएको हो । यसमा लेखिएको विवरण झुट्टा छैन ।

अनुगमनमा देखिन आएका कमिकमजोरी र त्रुटीहरु

१

२

३

अनुगमन समितिको तर्फबाट

दस्तखत

| | |
|---|---|
| नाम थर :- | १. संयोजक |
| ठेगाना :- | २. |
| व्यवशायको नाम :- | ३. |
| व्यवशायको ठेगाना :- | ४. |
| सम्पर्क नं. | ५. |

## अनुसूची-३

## ऐनको नियम २३ सँग सम्बन्धित

**मिसावट गर्न प्रतिबन्ध**

क. देहायमा उल्लेख भए अनुसार कसैले पनि जुन सुकै कामको लागि मिसावट गर्न प्रतिबन्ध हुनेछ ,

ख. नौनी वा खारेको घिउमा डाल्डा, कोला, पिडाँलु, पिठो, बिस्कुट जन्य मिसाएर बेच्न,

ग. तोरी तेलमा आलस, चिउरी, पाम्प आदिको तेल मिसाएर बेच्न,

घ. मिठाई ,पकौडा, पापड, जेरीमा अखाद्य रंग मिसाएर बेच्न,

ङ. म्याद नाघेका बिषादी औषधी, सेम्पु, पेय पदार्थ पुनः प्याक गर्न पुनः मिसावट गरी प्याक गर्न,

च. खसी बोकाको मासुमा बाख्राको मासु वा अन्य मासु मिसाई बिक्री गर्न,

छ. बेसारमा पिठो र अन्य अखाद्य धुलो मिसाएर बेच्न,

ज. दूधमा पाउडर दूध र मैदा घोलेर बेच्न,

झ. पुरानो गेडागुडीमा नयाँ मिसाएर बेच्न,

ञ. दूधमा पानी मिसाएर बेच्न,

ट. चामलमा ढुङ्गा तथा अन्य अखाद्य वस्तु मिसाएर बेच्न,

ठ. गुणस्तरीय प्रमाणीत वस्तुहरुमा गैरगुणस्तरीय अप्रमाणीत वस्तु मिसाएर बेच्न,

**आज्ञाले,**

**इमनाथ कडेल**

**प्रमुख प्रशासकीय अधिकृत**